# गौरादह नगरपालिकाको वोलपत्र आव्हानको सुचना ।

प्रथम पटक प्रकाशित मिति

२०७३/२/२०

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम यस नगरपालिकाको आन्तरिक आय बन्दोवस्त गर्न प्रथम नगरपरिषदवाट स्विकृत दर रेटमा आ.व. २०७३/०७४ का लागि देहाय बमोजिम ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीवाट देहायका शर्तहरुको अधिनमा रहि रीतपुर्वकको बोलपत्र दाखिला गर्न यो सुचना प्रकाशन गरिएको छ ।

शर्तहरु :

१. यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन सम्म कार्यालय समय भित्र तपशिलमा उल्लेख भए बमोजिम वोलपत्र फाराम दस्तुर तथा टिकट वापत रु. १० समेत (पछि फिर्ता नहुने गरी) तिरी कार्यालयको राजस्व शाखावाट वोलपत्र फाराम खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको वोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरि सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सही छाप गरेर शिलवन्दी गरि खाम वाहिर ठेक्काको नाम, प्रेषकको नाम र ठेगाना प्रष्टसंग लेखि १६औं दिन दिनको १२.०० वजे भित्र नगरपालिका कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ । यसरी दर्ता भएका वोलपत्रहरु सोहि दिन दिनको १.०० वजे उपस्थित वोलपत्रदाता वा निजका प्रतिनिधिहरुको उपस्थितिमा न.पा. कार्यालयमा खोलिनेछ ।

३. वोलपत्र फाराम खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोली पल्ट अर्थात कार्यालय खुलेको दिन सोहि समयमा वोलपत्र फारम विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

४.बोलपत्र साथ आफुले कवोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशत ले हुन आउने धरौटी रकम यस कार्यालयको रा.वा.वैक, दमक स्थित च.हि.नं.२१४०३०३०००३१७ खातामा जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयका नाममा मान्यता प्राप्त बाणिज्य बैंकवाट जारि गरिएको १२ महिना म्याद भएको जमानीपत्रको सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

५. बोलपत्र फाराम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट हुने गरि उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

६. बोलपत्र स्विकृत भए पछि आफुले कवोल गरेको ठेक अंक वरावरको रकम एकमुष्ट अग्रीम दाखिला नगरी पट्टा उपलव्ध गराइने छैन ।

७. ठेक्का अवधि २०७३ श्रावण ०१ गते देखि २०७४ आषाढ मसान्त सम्म रहनेछ ।

८. वोलपत्र पेश गर्दा वोलपत्रदाताको तर्फवाट कुनै किशिमको शर्त मान्य हुने छैन । शर्त सहितको वोलपत्र, रीत नपुगी वा म्याद नाघी आएको वोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।

९.वोलपत्र सम्वन्धि केहि कुरा वुझ्नु परेमा कार्यालय समय भित्र नगरपालिका कार्यालयमा सम्पर्क राखी वुझ्न सकिने छ ।

तपशिल

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | न्युनतम ठेक अंक( मु.अ.कर वाहेक) | वोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | गौरादह/राजस्व/०१/०७२/७३ | दामुना पशु हाट (चौपाया कर) | १०,००,०००।०० | १०००।०० | |
| २ | गौरादह/राजस्व/०२/०७२/७३ | गौरादह हाट वजार कर | २,४०,०००।०० | ३००।०० | |
| ३ | गौरादह/राजस्व/०३/०७२/७३ | दामुना, वालुवथान र चप्रामारी हाटवजार कर | ७०,०००।०० | ३००।०० | |
| ४ | गौरादह/राजस्व/०४/०७२/७३ | ग्वालडुव्वा, वैराती, फकिडिप, दुधाली हाट वजार कर | ९०,०००।०० | ३००।०० | |